## छैठौ साधारण सभाको निर्णयको माईन्यूट :

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. को मिति २०८१/१०/०२ गते बसेको संचालक समितिको ११८औं बैठकको निर्णय अनुसार वित्तीय संस्थाको छैठौ साधारण सभा बस्ने सूचना प्रथम् पटक मिति २०८१/१०/०४ र दोश्रो पटक मिति २०८१/१०/११ गतेको **"राष्ट्रिय दैनिक कारोवार"** मा प्रकाशित भएको थियो ।

## सभाको वैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), तथा संस्थाको नियमावलीको परिच्छेद ३ अनुसार बोलाईएको यस पाँचौ साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३ (२), संस्थाको नियमावलीको परिच्छेद ३ नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ३ जना शेयरधनी स्वयम् वा आफनो प्रतिनिधीद्वारा उपस्थित भएमा साधारण सभाको कारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस संस्थामा कुल शेयर संख्याको ६१.५५ प्रतिशत शेयरको प्रतिनिधित्व र कुल संस्थापक शेयरधनीहरु ३९ मध्ये ३० जनाको स्वयम् उपस्थित तथा २ जनाको सर्वसाधारण शेयरधनीहरुको उपस्थिति भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ अनुसार यस कम्पनीको साधारण सभा गर्न पुर्ण वैधानिकता पुगेको जानकारी संस्थाका कम्पनी सचिव श्री सुशिल कुमार सिहंले जानकारी दिनु भयो ।

## संस्थाको सञ्चालकहरुको उपस्थिति :

कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार कम्पनीको छैठौ साधारण सभामा सञ्चालकहरु यथासम्भव स्वयम् उपस्थिति हुनु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम देहाय अनुसारका संञ्चालकहरुको उपस्थिति भएको थियो ।

| क्र.स. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर संख्या |
|---|---|---|---|---|
| १ | श्री राज कुमार श्रेष्ठ | सदस्य | संस्थापक | २,००० |
| २ | श्री रेणुका कुमारी श्रेष्ठ | सदस्य | संस्थापक | १,००० |
| ३ | श्री निभा श्रेष्ठ | सदस्य | संस्थापक | ७,००० |
| ४ | श्री बबिता श्रेष्ठ | सदस्य | संस्थापक | १,००० |
| ५ | श्री मनोज मोहन प्रधान | सदस्य | सर्वसाधारण शेयरधनी | ११० |
| ६ | श्री विनिश सुवेदी | सदस्य | सर्वसाधारण शेयरधनी | १०० |

पदाधिकारीहरुको उपस्थिति :

| क्र.स. | नाम | प्रतिनिधित्व (व्यवस्थापकीय) |
|---|---|---|
| १ | श्री बटुक शमशेर श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री सुशिल कुमार सिहं | कम्पनी सचिव |

शेयरधनीहरुको जानकारीका लागि प्रकाशन गरिएको सूचना र यस छैठौ साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम थिए ।

**पाँचौ साधारण सभा छलफलका प्रस्तावहरु**

**साधारण वा सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सगँ सम्बन्धित अनुसुचीहरु पारित गर्ने सम्बन्धमा ।

३. बैक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ दफा ११ अनुसार वित्तीय संस्थाको आ.व.०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. विविध ।

**विशेष प्रस्तावहरु :**

१. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने सम्बन्धमा ।

२. कुनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने ( Merger ) तथा प्राप्ती /साहित ( Acqisition ) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र ( Memorandum of Understanding ) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैधान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ती तथा दायित्वको मुल्याकन ( Due Deligency Audit ) गर्न परामर्शदाता, मुल्याकनकर्ता, लेखा परिक्षक तथा निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धित आवश्यक कार्यहरु गर्नको लागि सञ्चालक समितीलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. विविध ।

**सभाको सभापतित्व तथा उदघाटन :**

यस संस्थाको छैठौ साधारण सभा तथा सभा सञ्चालनको लागि वैधानिक रहेकोले सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री राज कुमार श्रेष्ठ ज्यूले गर्नु भयो ।

**छैठौ साधारण सभामा प्रतिवेदन तथा प्रस्ताव प्रस्तुत :**

छैठौ साधारण सभाको काम कारवाही शूरु गर्ने क्रममा सञ्चालक समितिको तर्फवाट अध्यक्ष श्री राज कुमार श्रेष्ठ ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै साधारण सभाको प्रस्ताव प्रस्तुत गर्नु भयो। छैठौ साधारण सभामा समक्ष छलफल तथा निर्णय पारित गर्नका लागि प्रस्तुत गर्नु भयो । शेयरधनीहरुको तर्फ बाट कुनै जिज्ञासा भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो । त्यस्तै सभामा उठेका प्रश्नहरुलाई संस्था तथा सर्वपक्षको हित हुने गरि कार्य गर्न उत्तर दिनु भयो ।

**सभाको निर्णयहरु :**

आजको छैठौ साधारण सभामा शेयरधनी तथा अन्य महानुभावहरुले दिनु भएको अमुल्य सल्लाह, सुझावहरुलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दे जाने प्रतिवद्वता गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरु पारित गरिदिन अध्यक्ष ज्यूले अनुरोध गर्नु भयो। सबै प्रस्तावहरु सभामा उपस्थित शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिम पारित गरियो ।

**छैठौ साधारण सभा छलफलका प्रस्तावहरु तथा निर्णयहरु :**

**साधारण तथा समान्य प्रस्तावहरु :**

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

निणर्यः सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको आ.व.०८०/०८१ को वार्षिक प्रतिवेदन सर्वसहमतिले पारित गरियो ।

**२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सगँ सम्बन्धित अनुसुचीहरु पारित गर्ने सम्बन्धमा ।**

निर्णयः लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सगँ सम्बन्धित अनुसुचीहरु सर्वसहमतिले पारित गरियो ।

**३) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ दफा ११ अनुसार वित्तीय संस्थाको आ.व.०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

निर्णय : बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ दफा ११ अनुसार वित्तीय संस्थाको आ.व.०८१/०८२ को लेखापरिक्षण गर्नका लागि

लेखापरिक्षक श्री संजय कुमार चौधरी, चार्टर्ड एकाउन्टेन्ट (संजय चौधरी एण्ड.एशोसिएटस ) लाई नियुक्ति गर्ने र निजको वैधानिक लेखापरिक्षण, कर लेखापरिक्षण, लङ्गफर्म अडिट, दफा ७८ कम्पनी ऐन २०६३, संस्थागत सुशासन प्रतिवेदन प्रमाणिकरणको लागि पारिश्रमिक रु ३,९०,०००।०० ( अक्षरेपी तिन लाख नब्बे हजार मात्र ) कर वाहेक प्रदान गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

६) **विविध ।**

निर्णय : यस प्रस्ताव माथि छलफल गर्दा साधारण सभाको माईन्युट लगायत अन्य सम्बन्धीत कागजातमा हस्ताक्षर एवम् प्रमाणित गर्न अध्यक्ष श्री राजकुमार श्रेष्ठ लाई पुर्ण अख्तियारी दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**विशेष प्रस्तावहरु :**

**१.नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने सम्बन्धमा ।**

निर्णय :नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**२. कुनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने ( Merger ) तथा प्राप्ती /समाहित ( Acqisition ) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र ( Memorandum of Understanding ) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैधान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ती तथा दायित्वको मुल्याकन ( Due Deligency Audit ) गर्न परामर्शदाता, मुल्याकनकर्ता, लेखा परिक्षक तथा निजको पारिश्रमिक निर्धारण गर्ने, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धित आवश्यक कार्यहरु गर्नको लागि सञ्चालक समितीलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

निर्णय : कुनै पनि लघुवित्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने ( Merger ) तथा प्राप्ती /समाहित ( Acqisition ) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र ( Memorandum of Understanding ) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैधान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ती तथा दायित्वको मुल्याकन ( Due Deligency Audit ) गर्न परामर्शदाता, मुल्याकनकर्ता, लेखापरिक्षक तथा निजको पारिश्रमिक निर्धारण गर्ने, अन्य

वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरुसंग सम्बन्धित आवश्यक कार्यहरु गर्नको लागि सञ्चालक समितीलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।